म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक २७९ बुधबार ४ जेठ २०७९ ने. सं. ११४२ बछलाथ्व 18 May, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## मेयरमा रेनु ८४८ मतले अग्रता

चितवन, ३ जेठ/चितवनको भरतपुर महानगरपालिकाको मेयरमा नेकपा माओवादी केन्द्रकी उम्मेदवार रेनु दाहालले अग्रता बढाउँदै लगेकी छन् । मंगलबार रातिसम्म २३ हजार ६८५ मत गणना हुँदा उनले नेकपा एमालेका उम्मेदवार विजय सुवेदीले भन्दा ८४८ मत बढी ल्याएकी छन् ।

दाहालले आठ हजार ३१६ मत पाउँदा सुवेदीले सात हजार ४६८ मत पाएका छन् । त्यस्तै स्वतन्त्र उम्मेदवारी दिएका नेपाली कांग्रेसका नेता जगन्नाथ अधिकारीले तीन हजार ८७६ मत पाएका छन् ।

चितवनमा दाहाललाई नेपाली कांग्रेससहित सत्तारुढ दलको पनि समर्थन छ । त्यस्तै नेकपा एमालेका उम्मेदवार सुवेदीलाई राप्रपाको समर्थन छ ।

उपमेयरमा नेपाली कांग्रेसका उम्मेदवार चित्रसेन अधिकारीले राप्रपाकी हिमला गुरुङले भन्दा तीन हजार ८२८ मत बढी ल्याएका छन् । अधिकारीले नौ हजार ९८४ ल्याएका छन् भने गुरुङले ६ हजार १५६ मत पाएकी छन् । -साभार: अनलाईनखबर

# मकवानपुरमा कांग्रेसको अग्रता कायमै, ७१ मध्ये ३२ वडामा विजयी

साझाकुरा संवाददाता

हेटौंडा, ३ जेठ/मकवानपुरको ७१ वटा वडामा मतगणना सम्पन्न भएको छ । समाचार तयार पार्दासम्म जिल्लाको १०२ वडामध्ये ७१ वटा वडाको मतगणना सम्पन्न भएको हो । जसमा सबैभन्दा बढि वडामा नेपाली कांग्रेसले जित हासिल गरेको छ । कांग्रेसले ३२ वडा अध्यक्ष जितेको छ भने माओवादी केन्द्रले २३ र एमालेले १६ वटा वडामा जीत हात पारेको छ ।

| नेपाली कांग्रेसले जितेका वडाहरू | नेकपा माओवादी केन्द्रले जितेका वडाहरू | नेकपा एमालेले जितेका वडाहरू |
|---|---|---|
| १) इन्द्रसरोवर-१ मा सुवास थापा (कांग्रेस) | १) भीमफेदी-३ मा प्रितिलाल लामा (माओवादी) | १) इन्द्रसरोवर-३ मा प्रताप भोम्जन (एमाले) |
| २) इन्द्रसरोवर-२ मा सुमन श्रेष्ठ (कांग्रेस) | २) कैलाश-३ मा देवलाल बल (माओवादी) | २) इन्द्रसरोवर-४ मा चन्द्रकुमार बल (एमाले) |
| ३) इन्द्रसरोवर-५ दुधराज तितुङ (कांग्रेस) | ३) कैलाश-४ मा तिलकबहादुर मोक्तान (माओवादी) | ३) भीमफेदी-२ मा काशी राम बज्यु (एमाले) |
| ४) भीमफेदी-१ मा सोम बहादुर स्याङ्तान (कांग्रेस) | ४) थाहा-१ मा हेरमान गोपाली (माओवादी) | ४) भीमफेदी-४ मा सागर पाण्डे (एमाले) |
| ५) भीमफेदी-६ मा सोमबहादुर घलान (कांग्रेस) | ५) थाहा-२ मा बमबहादुर सिंतान (माओवादी) | ५) भीमफेदी-५ मा जाहारसिं लामा (एमाले) |
| ६) भीमफेदी-७ मा मित्रबन्धु सिन्जाली (कांग्रेस) | ६) थाहा-३ मा हिरेन्द्र रायमाझी (माओवादी) | ६) भीमफेदी-८ मा बिष्णुबहादुर लामा (एमाले) |
| ७) कैलाश-१ मा तेज बहादुर ब्लोन (कांग्रेस) | ७) थाहा-४ मा नारायण लामा (माओवादी) | ७) कैलाश-५ मा छेकु लामा (एमाले) |
| ८) कैलाश-२ मा राजेन्द्र तामाङ घिसिङ (कांग्रेस) | ८) बागमती-१ मा यहुन्ना राई (माओवादी) | ८) कैलाश-६ मा रामबहादुर गोङ्वा (एमाले) |
| ९) कैलाश(७ मा उदास भोलन (कांग्रेस) | ९) बागमती-२ मा जनक पहरी (माओवादी) | ९) कैलाश-१० मा सूर्य बहादुर ब्लोन (एमाले) |
| १०) कैलाश-८ आशिष प्रजा (कांग्रेस) | १०) बागमती-३ मा कमानसिं पाखिन (माओवादी) | १०) हेटौंडा-१८ मा अनिल बानियाँ (एमाले) |
| ११) कैलाश-९ मा भुवनसिं घलान (कांग्रेस) | ११) बकैया-१ मा आशिश तितुङ (माओवादी) | ११) हेटौंडा-१९ मा नरनाथ सुवेदी (एमाले) |
| १२) हेटौंडा-१ मा सविन न्यौपाने (कांग्रेस) | १२) बकैया-२ मा विश्वराज स्याङतान (माओवादी) | १२) बकैया-६ मा फुलबहादुर भोम्जन (एमाले) |
| १३) हेटौंडा-२ मा विष्णुगोपाल महर्जन (कांग्रेस) | १३) बकैया-७ मा मानबहादुर सिन्तान (माओवादी) | १३) मकवानपुरगढी-३ मा भागवत तिमल्सिना (एमाले) |
| १४) थाहा-६ मा राजेन्द्रभक्त श्रेष्ठ (कांग्रेस) | १४) बकैया-८ मा विष्णु नेगी (माओवादी) | १४) राक्सिराङ-१ मा बाबीराम मुक्तान (एमाले) |
| १५) थाहा-७ मा शिवराज गोले (कांग्रेस) | १५) मनहरी-२ मा राजकुमार पाखीन (माओवादी) | १५) राक्सिराङ-३ मा उत्तम वाइबा (एमाले) |
| १६) बकैया-९ मा टंकध्वज लोप्चन (कांग्रेस) | १६) मनहरी-४ मा प्रकाश थापा (माओवादी) | १६) राक्सिराङ-४ मा सन्जय कोइराला (एमाले) |
| १७) बकैया-१० मा कमला वाइवा (कांग्रेस) | १७) मनहरी-५ मा दिपेन्द्र अधिकारी (माओवादी) | |
| १८) बकैया-११ गोपाल नेसुर (कांग्रेस) | १८) राक्सिराङ-६ मा अक्कलबहादुर मोक्तान (माओवादी) | |
| १९) बकैया-१२ मा ज्ञानेन्द्र बजगाई (कांग्रेस) | १९) राक्सिराङ-८ मा हबिल प्रजा (माओवादी) | |
| २०) मकवानपुरगढी-१ मा आइत सिंह लो (कांग्रेस) | २०) थाहा-१ मा हेरमान गोपाली (माओवादी) | |
| २१) मकवानपुरगढी-२ मा बखानसिं पाखिन (कांग्रेस) | २१) थाहा-२ मा बमबहादुर सिंतान (माओवादी) | |
| २२) मकवानपुरगढी-६ मा कृष्ण बजगाई (कांग्रेस) | २२) थाहा-३ मा हिरेन्द्र रायमाझी (माओवादी) | |
| २३) मकवानपुरगढी-७ मा सूर्यबहादुर रूम्बा (कांग्रेस) | २३) थाहा-४ मा नारायण लामा (माओवादी) | |
| २४) मकवानपुरगढी-८ मा कुमार घिसिंङ (कांग्रेस) | | |
| २५) मनहरी-१ मा शिव प्रसाद खनाल (कांग्रेस) | | |
| २६) मनहरी-३ मा अनन्त अर्याल (कांग्रेस) | | |
| २७) मनहरी-६ मा यादव थपलिया (कांग्रेस) | | |
| २८) राक्सिराङ-२ मा बुद्धराम मुक्तान (कांग्रेस) | | |
| २९) राक्सिराङ-५ मा हरि प्रजा (कांग्रेस) | | |
| ३०) राक्सिराङ-७ मा रामबहादुर प्रजा (कांग्रेस) | | |
| ३१) थाहा-६ मा राजेन्द्रभक्त श्रेष्ठ (कांग्रेस) | | |
| ३२) थाहा-७ मा शिवराज गोले (कांग्रेस) | | |

## राष्ट्रियसभा बैठकमा एमालेको अवरोध



काठमाडौं, ३ जेठ/प्रमुख प्रतिपक्ष दल नेकपा (एमाले)ले राष्ट्रियसभा बैठक अवरुद्ध पारेको छ । बजेट अधिवेशनको पहिलो दिन मंगलबार अपरान्ह बोलाइएको राष्ट्रियसभा बैठक सुरु हुनासाथ एमालेका सांसदहरुले उभिएर अवरुद्ध पारेका हुन ।

सभामुख अग्निप्रसाद सापकोटा र सत्तारुढ गठबन्धन दलका नेता प्रधानमन्त्री शेरबहादुर देउवाले आफूहरुले अगाडि सारेका माग सम्बोधन गर्न पहल समेत गर्न नचाहेकाले राष्ट्रियसभा बैठकलाई अवरुद्ध पार्ने कामलाई आफ्नो दलले निरन्तरता दिन बाध्य हुनु परेको एमालेका सांसद देवेन्द्र दाहालले बताए ।

उनले आफ्नो दलले कारबाही गरेका माधव नेपालसहितका १४ जना सांसदलाई कारवाही गरिएको सूचना टाँस नगरेर सभामुख सापकोटाले गल्ती गरेको र त्यस गल्तीको आत्मालोचना गरेर उनीहरुलाई कारबाही गरिएको सूचना जारी नगरेसम्म राष्ट्रियसभा बैठक अवरुद्ध पार्ने कामलाई निरन्तरता दिने आफ्नो दलको अडान रहेको पनि स्पष्ट पारे ।

एमालेले आफ्नो दलले कारबाही गरेका सांसदहरूलाई सभामुख सापकोटाले सूचना टाँस नगरेसम्म संसद चल्न नदिने अडान सहित अवरोध गर्दै आएको छ । -साभार: रातोपाटी


सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

सेवाहरू:
- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

ADMISSIONS OPEN FOR 2079
From Nursery to Grade 9
Scholarships
a feature of socially responsible institution...
Madhav Raj Sumargi Memorial Scholarship based on Entrance Tests 189+ Seats
Rup Chandra Bista "Thaha" Memorial Scholarship based on Students' Talent 108+ Seats
Bishwakanti Kalawati Sumargi Scholarship based on Students' Rank 39+ Seats
Scholarship Test 4 Jestha 2079
APPLY NOW
Admission forms are also available online
www.admission.hetaudaacademy.edu.np
HETAUDA ACADEMY
RESIDENTIAL SECONDARY SCHOOL
Shahid Smarak, Hetauda-11, Makawanpur, Nepal
Tel: 057-525548, 525547, 523547
Web: www.hetaudaacademy.edu.np
Email: info@hetaudaacademy.edu.np

हेटौंडालाई Green City बनाउने उद्देश्यसहित
सुन्दर नगरी हेटौंडामा बिक्री
शुभारम्भ
YADEA
e-SCOOTERS






Offer
रू.१०,०००।-
नगद छुट

YADEA e-SCOOTER का विशेषताहरु:
- Full Charge गर्न ४-५ घण्टा लाग्ने ।
- Full Charge ले १०० किमी कुद्ने ।
- २००० वाट क्षमता भएकोले एकपटक Full Charge गर्दा १.५ युनिट विद्युत् खपत ।
- ट्यूबलेस टायर
- ब्याट्रिमा एक वर्ष वारेन्टी

बर्षा ई-अटोमोबाइल्स
हेटौंडा-२, चौकीटोल (भाटभटेनी नजिकै)
प्रो. सबी भण्डारी ९८५५०६७४६०

साझाकुरा

## हाम्रो कुरा

# मतगणना जनशक्ति बढाउनुपर्ने आवश्यकता

स्थानीय तहको निर्वाचन सम्पन्न भएको पनि ५ दिन बितिसकेको सकेको छ । यो बीचमा कतिपय स्थानीय तहका निर्वाचन परिणाम आइसकेका छन् । नवनिर्वाचित जनप्रतिनिधिहरुले विजयी माला पहिरिइसकेका छन् । तर अधिकांश स्थानका मतगणना कछुवागतिमा छन् भने अझैसम्म पनि केही प्रतिशतमात्र मतगणना भइसकेका छन् । उदाहरणका लागि काठमाडौं महानगरपालिकामा ३० हजार हाराहारीमा मात्र मतगणना हुन सकेका छन् । पूरै मतगणना सक्न अझै केही साता नै लाग्ने स्थिति छ । यही स्थिति अन्य महानगरपालिका वीरगञ्ज, विराटनगर, पोखरा, भरतपुरलगायतमा छ ।

यो २१ औं शताब्दिको जमानामा पनि मतदान सम्पन्न भएको लामो समयसम्म पनि परिणाम आउने स्थिति नहुनु दुर्भाग्य हो । यसका लागि लामो तयारी हुनुपर्थ्यो । प्रविधिको युगमा इ-भोटिङको व्यवस्था गर्न सकिन्थ्यो । मुलुकका प्रविधिका विज्ञहरुसँग निर्वाचन आयोगले परामर्श गर्दै त्यसअनुसारका तयारीहरु गर्न सक्थ्यो । तर त्यसो हुन सकेन । अबको विकल्प भनेको मतगणनाका लागि आवश्यक जनशक्ति थप गरी मतगणनालाई थप तिव्रता दिनु नै हो । यसका लागि निर्वाचन आयोगले सरकारसँग समन्वय गर्नुपर्छ ।

अब संघीय र प्रदेशका निर्वाचन आउँदैछन् । अर्को पाँच वर्षमा पुन: अर्को निर्वाचन आउनेछ । ती निर्वाचनमा खसेका मतगणनाको व्यवस्थापनलाई चुस्त बनाउँदै चाँडो मतपरिणाम सार्वजनिक गर्ने वातावरण बनाउन अहिलेदेखि नै लाग्नु श्रेयष्कर हुनेछ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ जेठ ५ गते बिहीबार १९ अप्रिल २०२२ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : अधुरा काम पूरा हुने | तुला | : अनावश्यक खर्च बढ्ने |
| वृष | : घरेलु समस्याले सताउने | वृश्चिक | : भोजको अवसर मिल्ने |
| मिथुन | : कुरा काट्नेहरु सक्रिय हुने | धनु | : स्वास्थ्य बिग्रन सक्ने |
| कर्कट | : नयाँ काम हात पर्ने | मकर | : रमाइलो गरि समय बित्ने |
| सिंह | : कार्यान्तरण हुन सक्ने | कुम्भ | : राजनीतिमा प्रगति हुने |
| कन्या | : शुभ समाचार सुन्न पाइने | मीन | : शारीरिक परिश्रम गर्नुपर्ने |

# संकटका साथी प्रवासीको मताधिकार नखोसौं



✍ डा. जगन कार्की



कोरोना महामारीसँगै विश्वका विभिन्न देशमा वैदेशिक मुद्राको सञ्चितिमा संकटका घटना देखिए । योसँगै प्रवासमा रहेका नागरिक अर्थात् डायस्पोराको योगदानलाई महत्वका साथ हेर्ने गरिन्छ । जनआन्दोलनदेखि भूकम्प हुँदै कोरोना अवधिसम्म जेनतेन धानेको नेपालको अर्थतन्त्रमा संकटका संकेतहरू देखा पर्न थालेका छन् । यी र यस्ता हरेक संकटमा प्रवासीहरूले मातृभूमिको लागि सकेको सहयोग गर्दै आएका छन् ।

आधुनिक विश्वमा भौगोलिक सीमाभन्दा पनि प्रवासीहरूले चालेका हरेक पाइलासँगै विश्वका कुना-काप्चामा संस्कृति र पहिचान पनि फैलिरहेका छन् । मातृभूमिका बहुआयामिक सीमा पक्कै पनि राष्ट्रका विस्तारित आधुनिक सिमानाका आयाम हुन् । मातृभूमिको सरकारले ती प्रवासी सीमाका आयामको पहिचान, व्यवस्थापन र सदुपयोग गर्नसके आधुनिक विश्वको विकासको गतिसँगै मुलुकलाई हिंडाउन सहज हुने देखिन्छ ।

**सन्निकट आर्थिक संकट**

श्रीलंकामा हाल देखिएको आर्थिक संकटसँगै नेपालमा पनि त्यस्तै संकट सन्निकट रहेको विश्लेषकहरूले भविष्यवाणी गर्न थालेका छन् । नेपालमा देखा परिरहेको आर्थिक दुरवस्थालाई बुझ्न ठूलो अर्थशास्त्री बनिरहनुपर्दैन । सामान्य रूपमा विप्रेषण (रेमिट्यान्स) घट्नु, मूल्य वृद्धि साथै मुद्रास्फीति बढ्नु, आयात व्यापक हुँदै व्यापार घाटा बढ्दै जानु आदिले नेपालको अर्थतन्त्र गहिरो संकटोन्मुख रहेको स्पष्ट संकेत गर्दछ । खेतीयोग्य जमिन कि त प्लटिङ्ग कि बाँझै राखेर विदेश जाने लहर रोकिएको छैन । पर्यटन र अन्य आम्दानीका स्रोतहरूमा महामारीले असर पारेको छ । यसले कुल गार्हस्थ्य उत्पादनमा कृषिको योगदान जम्मा २३ प्रतिशतमा झरेको छ भने रेमिट्यान्सको २५ प्रतिशत हिस्सा रहेको छ । अर्थात् देशका हरेक कठिन परिस्थितिमा चरम आर्थिक संकटलाई पार लगाउन मुख्य भूमिका खेल्दै आएको प्रवासीहरूको रेमिट्यान्स या प्रवासको आम्दानी नै अर्थतन्त्रको मूल हिस्सा बनेको छ ।

नेपालको चालु खाता, भुक्तानी सन्तुलनमा दबाव र मुद्रास्फीति बढ्नुमा महामारीपछि अर्थतन्त्रमा देखिएको कर्जा ठूलो रूपमा विस्तार, आयात दरमा वृद्धि र ग्लोबल सप्लाई चेन, उत्पादन र वितरणमा उत्पन्न अवरोध आदि हुन् । रूस-युक्रेन युद्धसँगै विश्वव्यापी रूपमा इन्धनको अत्यधिक मूल्य वृद्धि माथिका आर्थिक परिवर्तनको मुख्य कारक हो । पेट्रोलियम पदार्थको आयात चालु आर्थिक वर्षको प्रथम ९ महिनामै लगभग १ खर्ब ७३ अर्ब रुपैयाँ पुगेको छ । नुन र सियोदेखि महँगा रक्सी, लुगा, मोबाइल जस्ता सामानको आयात बढ्नु पनि आर्थिक संकटका कारक हुन् । लकडाउनसँगै लामो समय उद्योग धन्दाहरू ठप्प रह्यो । स्वास्थ्य सेवामा अप्रत्यासित खर्च बढ्न थाल्यो । यस्ता विविध कारणले विश्वव्यापी रूपमा सबै देशमा आर्थिक संकट देखापरेको छ । यस्तो घडीमा एक-अर्कालाई दोष थोपरेर सिंगौरी खेल्ने भन्दा हदैसम्म मितव्ययी र दूरदृष्टिसहित आर्थिक नीति तथा कार्यक्रमहरू ल्याउनुपर्ने देखिन्छ ।

**वैदेशिक मुद्राको सञ्चितिमा संकट र यसका असर**

वैदेशिक मुद्राको सञ्चिति देशमा स्थिर विनिमय दर कायम गर्न, निर्यात मूल्यलाई प्रतिस्पर्धात्मक बनाउन, मौद्रिक तरलता कायम गरी नगदको अभाव हुन नदिन, लगानीकर्ताहरूको विश्वासलाई बढाउन, विदेशबाट वस्तु आयात गर्न प्रयोग गर्ने र नगदमा विदेशी ऋण भुक्तानी गर्नका लागि प्रयोग हुने गर्छ । वैदेशिक मुद्राको सञ्चिति गर्न विशेष गरेर डलर र दोस्रोमा यूरोलाई प्रयोग गरिन्छ । आयात र निर्यातको भुक्तानी असन्तुलनबाट देशमा वैदेशिक मुद्राको सञ्चिति घटेर सामान आयात गर्न असर पुग्न थालेपछि राष्ट्र बैंक स्वदेशी मुद्राको मूल्य घटाउन बाध्य हुन्छ । यसले विनिमय दर महँगो हुन्छ । सामान्यत: वैदेशिक मुद्राको सञ्चितिले तरलताको जोखिमलाई हटाउने गर्छ ।

श्रीलंकाले पनि वैदेशिक मुद्रा सञ्चिति घटेपछि आफ्नो मुद्रालाई तल झारेको थियो फलस्वरूप मुद्रास्फीति साथै अन्य आर्थिक समस्याले गाँजिएको थियो । त्यसो त श्रीलंका र नेपालमा मात्र हैन भारत, इजिप्ट लगायत धेरै देशमा पनि यो समस्या हाल देखा पर्न थालेको छ । विदेशी विनिमय सञ्चितिमा असर गरेको भन्दै विलासिताका सामान आयात नगर्न अनुरोध र निजी गाडी आयातमा रोक लगाइएको छ । साथै, प्रवासीमार्फत डलर खाता खोल्न अनुरोध गरिएको छ । यसका लागि चलाइएका सचेतताका विभिन्न कार्यक्रमप्रति सरकार र निकायहरूको ध्यान जानु सकारात्मक छ । नागरिक, सरकार र सरोकारवालाहरूको सहकार्यमा मुलुकलाई विषम आर्थिक परिस्थितिबाट निकास दिन विज्ञ र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायसँग सल्लाह र सहकार्य गरी आर्थिक तथा मौद्रिक नीति तथा कार्यक्रमहरू तर्जुमा गरिनुपर्दछ ।

**आर्थिक संकटमा डायस्पोराको भूमिका**

अधिकांश विकसित देशले प्रवासीमार्फत मनग्ये फाइदा लिएका छन् । फाइदा लिन प्रवासीहरूलाई सुविधा र आत्मसम्मान दिने नीति तथा कार्यक्रम तर्जुमा गरेका प्रशस्त उदाहरण छन् । नाइजेरिया, भारत र पाकिस्तानले पनि प्रवासीमार्फत लगानी, सीप र ज्ञान आकर्षण गर्न उल्लेख्य काम गरेका छन् । पछिल्ला वर्षहरूमा नेपालले पनि नीतिगत तहमा केही प्रयास गरेतापनि व्यवहारमा उल्लेख्य प्रगति देखिएको छैन । वैदेशिक मुद्राको सञ्चितिलाई कम गर्न अर्थमन्त्री र सरकार एनआरएनलाई डलर खाता खोल्न आह्वान गरिरहेको छ । विभाजनको डिलमा पुगेर गैरआवासीय नेपालीमाझ नै अलोकप्रिय बनेको एनआरएनएका पदाधिकारीले फेसबुक र जुममा गएर भन्दैमा डलर खाता खोलेर उधुम पैसा जम्मा हुने सम्भावना हाललाई कम देखिन्छ । साथै, पपुलर बन्न र मिडियाबाजी गरेर काम देखाउन डलर खाता खोल भनेर हल्ला गर्दैमा कसैले खोलिहाल्ने सम्भावना पनि न्यून छ ।

डलर खाता खोल्न प्रवासमा रहेको केवल एक संस्था एनआरएनएसँग मात्र भर पर्नुभन्दा प्रवासमा रहेका देश अनुसार पेशा, दक्षता, क्षेत्र अनुसारका अन्य संगठनसँग पनि सहकार्य गरेर अघि बढ्नु उचित हुन्छ । जस्तै, प्रवासमा बसेर राम्रो आम्दानी गरिरहेका डाक्टर, इन्जिनियर, नर्स लगायत व्यावसायिक सञ्जाल, व्यवसायी, एकाउन्टेन्ट, प्रोफेसनल सेफ इत्यादिलाई लगानी र डलर खातामा आकर्षित गर्न सकिन्छ । उदाहरणका लागि, भारतले कुनै एक संस्थालाई मात्र प्रवासीहरूको मूल संस्था भनेर ट्याग लगाएको छैन । उसले प्रवासमा रहेका हरेक नागरिकहरूका संघ-संस्थालाई पहिचान गरी कानुनले दिएको सुविधा प्रदान गरिरहेको छ ।

संकट पर्दा मातृभूमिलाई निरन्तर सहयोग र सद्भाव राख्ने गैरआवासीय नेपालीको अभ्यास छ । यसलाई आत्मसात् गर्दै सरकारले मातहतका कूटनीतिक नियोगमार्फत हरेक देशमा रहेका विभिन्न संघ-संस्थालाई मातृभूमिमा खाता खोल्न र लगानी गर्न आकर्षण गर्नुपर्छ । यसका लागि विज्ञसँगको सहकार्यमा नीति तथा कार्यक्रम बनाई अघि बढ्न सके लक्ष्य प्राप्ति सजिलो हुन्छ । अझ सोझै 'डलर खाता खोल' भन्ने भन्दा लगानीका आकर्षक प्याकेज ल्याएर एक विशेष टास्क फोर्स मार्फत पनि काम गर्न सकिन्छ ।

जस्तै, पाकिस्तानको राष्ट्र बैंकले रोशन डिजिटल अकाउन्टमार्फत गैरआवासीय नागरिकलाई लगानी र बचतको बाटो खोलेर सञ्चिति बढाएको छ । देशमा डलर भित्र्याएर लगानी गरे ७ प्रतिशत नाफा पनि उपलब्ध गराएको छ । हालसम्म १७५ देशका करिब ४ लाख गैरआवासीय पाकिस्तानीले डलर खाता खोलिसकेका छन् भने पाकिस्तानले यही अप्रिल महिनासम्म करिब ४ अरब अमेरिकी डलर भित्र्याएको छ ।

**प्रवास र नेपालको सेतु दोहोरो नागरिकता**

युरोपेली संघका २७ देश, क्यानडा, अष्ट्रेलिया, अमेरिका मात्र नभई नेपाल जस्तै साना वा विकासोन्मुख देश पाकिस्तान, श्रीलंका, क्याम्बोडिया जस्ताले पनि दोहोरो नागरिकता व्यवस्थित गरेका छन् । विदेशमा बसे पनि तन-मन-धन नेपाललाई नै दिइरहेको नेपालीलाई दोहोरो नागरिकता दिंदा केही फरक पर्दैन । नाकाबन्दीदेखि भूकम्पको बेलासम्म सहयोगका लागि तयार प्रवासी नेपालीलाई फरक व्यवहार गर्नु मनासिव हुँदैन । नेपालका नेता र दलहरूले प्रवासमा रहेका देशभक्त र कर्मी माहुरी जस्ता नेपालीलाई नागरिकता छोड्नुपर्दैन भन्ने प्रत्याभूत गराउन सकेका छैनन् । फलस्वरूप विदेशमा कमाएर नेपाल भित्र्याउने क्रम घट्दो र नेपालमा भएको सम्पत्ति नै बेचेर विदेश लैजाने अभ्यास बढ्दो छ ।

**सरकारलाई चुनौती र अवसर**

हरेक देशमा दूतावासमार्फत सरकारी र औपचारिक कूटनीतिक अभ्यास र परम्पराले मात्र अब देशको आर्थिक, सांस्कृतिक र बृहत्तर विकास असम्भव छ । प्रवासमा रहेका ठूलो संख्याका नागरिकले आर्थिक, सांस्कृतिक र विविध दूतको रूपमा भूमिका खेल्न सक्छन् । आधुनिक विश्वमा प्रवासी राज्यका समस्या होइनन्, अमूल्य स्रोत-साधन हुन् । तिनलाई परिचालन गरेर नेपाल जस्ता देशले मनग्ये आम्दानी र विकास गर्न सक्ने देखिन्छ । त्यति मात्र हैन, भोलि नेपालको सिमाना र भूगोलमा आक्रमण भए विश्वभरबाट प्रतिरक्षामा उत्रिने विना बर्दीको भू-मण्डलीय सेनाको भूमिका खेल्न तयार हुनेछ ।

सरकारको भूमिका डायस्पोरालाई सहजता र सहयोग गरेर मातृभूमिप्रति सम्मान र विश्वासको वातावरण सृजना गर्ने र तिनलाई परिचालन गरेर सहायता लिने दोहोरो प्रकारको भए मात्र प्रभावकारी हुने एक अध्ययनले देखाएको छ । यस क्रममा प्रवासमा भएका नागरिकको सीप, दक्षता र ज्ञानको पहिचान गरेर सञ्चार, सम्बन्ध र विश्वासलाई बढाई राष्ट्र निर्माणमा योगदानका लागि प्रोत्साहन गर्ने भूमिका मातृ राज्यको हो ।

डायस्पोरालाई सरकारले सदुपयोग गर्न प्रस्थानविन्दु भनेको पहिचान दिंदै उनीहरूलाई संस्थागत रूपमा जोड्नु हो । यो कुरा हालसम्मका विभिन्न अध्ययन, अनुसन्धान र विभिन्न देशका अनुभवले देखाएका छन् । तर, प्रवासीलाई दिने सम्मान, अधिकारप्रति राज्य र दलहरू कठोर देखिएका छन् । चाहे प्रवासमा कामदारहरू संकट पर्दा, मृत्यु हुँदा होस् वा कोरोना महामारीमा फिर्ता लैजाने सवालमा पनि ।

डायस्पोरालाई पहिचान र संस्थागत गर्नका लागि संविधानप्रदत्त दोहोरो नागरिकता प्रस्थानविन्दु हुनसक्छ । यसले डायस्पोराका नागरिकको पहिचान र सम्मान मात्र सुनिश्चित गर्दैन, लगानीको लागि अझ विश्वासिलो वातावरण बन्दछ । त्यति मात्र हैन, प्रवासीलाई मतदानको अवसरले मातृभूमिसँग जोडिन अझ टेवा पुग्ने देखिन्छ । यो मौकाको सदुपयोगका लागि सरकार र सबै दललाई अवसर पनि छ ।

२०७४ सालमा सर्वोच्च अदालतले विदेशमा रहेका नेपालीलाई मताधिकार दिलाउन दिएको आदेशलाई कार्यान्वयन गर्न कुनै सरकार र दलले पनि चासो दिइरहेका छैनन् । यो सरकार र दलहरूको मात्र कमजोरी नभएर प्रवासीको विश्वास जित्ने प्रक्रियाको गम्भीर तगारो बनेको छ । स्थानीय तहको निर्वाचनमा सम्भव नभए पनि संघीय निर्वाचनमा प्रवासमा रहेका नागरिकलाई मतदान अधिकारको पहल गरेर प्रवासीको मन जित्ने अवसर दल र सरकारलाई छ ।

प्रवासीले आर्थिक, नैतिक, सीप र ज्ञान भित्र्याउन सक्छन् । साथमा प्रचार-प्रसारदेखि नेपालमा आफ्नो घर-छिमेकमा रहेका मतदातालाई पनि प्रभाव पार्ने ताकत राख्छन् । प्रवासमा रहेको २१ लाख मतदातालाई आकर्षित गर्न प्रवासीलाई मतदानको अधिकार दिन पहल गर्ने दलले पक्कै पनि सहानुभूति पाउनेछ ।

*(बेलायतमा प्राध्यापनरत डा. कार्की रेमिट्यान्स र वित्तीय समावेशिता सम्बन्धी अनुसन्धाता पनि हुन् ।) -साभार: अनलाईनखबर*

# नेपाली रुचिको मोदी अवतार



✍ प्रतीक प्रधान

भारतका प्रधानमन्त्री नरेन्द्र दामोदर मोदी एक चामत्कारिक राजनयिक हुन् भन्नेमा शंका छैन । भारतमा लगातार दुईपल्ट प्रधानमन्त्री निर्वाचित हुनु र आफ्नो व्यक्तित्व विश्वभर नै सकारात्मकरूपमा फैलाउन सक्नु उनको विशेषता हो । तर, उनको चामत्कारिक व्यक्तित्व नेपालका लागि भने सधैं लाभदायक र हितकारी हुनसकेको छैन ।

कुनैबेला भारतका यी प्रधानमन्त्री नेपालका कुनै पनि नेताभन्दा चर्चित र रुचिकर देखिन्छन् भने कुनैबेला नेपाली जनता उनका कारणले पाएको दु:खको विरोधमा उनको पुतला दहन गर्न पनि पछि पर्दैनन् । यसरी नेपाली जनताको नजरमा कहिले अति सफदयी र निकटको मित्र हुने र कहिले अत्यन्त रुष्ट ठूल्दाइको व्यवहार देखाउने नरेन्द्र मोदीले विगत केही समय यता नेपालप्रति केही नरम व्यवहार देखाउन थालेका छन् ।

यही जेठ २ गते बुद्ध जयन्तीको दिन कपिलवस्तुको लुम्बिनीमा नेपाल र नेपालीसँगको धार्मिक आस्थामा हातेमालो गरेर भारतका प्रधानमन्त्री मोदी 'नयाँ अवतार'मा प्रकट भए जुन नेपाली रुचिअनुरूपको थियो । नेपाल र भारतको सम्बन्धको कुरा गर्दा यस्तो खुला सीमाना भएको देश विश्वमा अन्त कतै नभएको उपमा दिइन्छ । त्यस्तै, यहाँका जनताबीच 'रोटी र बेटी'को सम्बन्ध छ भन्नेमा पनि कुनै विवाद छैन । तर, भारत ठूलो देश भएको, यसले नेपाललाई निकै आर्थिक सहयोग उपलब्ध गराउनेजस्ता अनेक कारण देखाएर भारतको बाबुतन्त्र (कर्मचारीतन्त्र)मा जरा गाडेको नेपाललाई खासै सम्मान नदिने र नेपाल भारतप्रति आश्रित देश हो भन्ने सोचका कारणले यी दुई देशबीचको सम्बन्ध खासै सौहार्दपूर्ण र विश्वसनीय बन्नसकेको छैन । भारतले अन्तर्राष्ट्रिय मञ्चमा विशेषगरी आफूसँगको सम्बन्धमा नेपाललाई एक सार्वभौम मित्रराष्ट्रको रूपमा व्यवहार गर्ने हो र नेपालीलाई आफ्नो सार्वभौमसत्तामा भारतबाट कुनै खतरा छैन भन्ने विश्वास दिलाउन हुने हो भने यी दुई देशको सम्बन्ध अत्यन्त निकट हुने कुरामा कुनै शंका छैन । यस्तो अवस्था प्राप्त गर्न यी दुवै देशका जनता र शासकहरूका सोचमा आधारभूत परिवर्तन आउनु पर्छ ।

पहिले नेपालको सोचमा के के परिवर्तन आउनु पर्छ भन्ने विषयमा छलफल गरौं । अधिकांश नेपाली भारतले नेपाललाई सधैं सहयोग गर्नुपर्छ र ठूलो छिमेकी भएको नाताले भारतले सानोतिनो कुरामा अत्तो थाप्नु हुँदैन भन्ने ठान्छन् । तर, यो सोच आफैंमा गलत हो । भारतले आफ्ना नागरिकको हित छाडेर नेपाललाई सहयोग गर्दैन र हामीले त्यस्तो आशा पनि गर्नु हुँदैन । हामीले भारतसँग सिक्किम वा भुटानसरहको सुविधा माग्नु हुँदैन । अन्यथा, हामी बराबर हैसियतको सार्वभौम राष्ट्रको रूपमा अडान लिनसक्ने अवस्थामा हुँदैनौ । एउटा मनन योग्य कुरो के हो भने नेपालले भारतविरुद्ध हुने आर्थिक अपराधमा सहयोग गर्दै आएको छ । भारतमा आयात बन्द गरिएको वा धेरै भन्सार लाग्ने सामान नेपालका लागि भनेर आयात गरेर ती सामान लुकाएर भारत लगिन्छ । यस्तो कामले नेपाललाई पनि नराम्रो प्रभाव पार्छ । नेपालको विदेशी मुद्रा भारतीय मुद्रामा परिवर्तित हुनेमात्र होइन कि त्यसरी आएको सम्पूर्ण आय नेपालमा कालो धनको रूपमा मात्र आउन सक्छ । भारतलाई त यसबाट ठूलो आर्थिक नोक्सानी हुन्छ । नेपालको कर्मचारीतन्त्र नमिली यस्तो आयात र भारततर्फ अनधिकृत निर्यात हुनै सक्दैन । यो काममा नेपाली र भारतीय दुवैतिरका व्यवसायी र कर्मचारीको मिलेमतो हुन्छ । यस्तो कार्य नेपालले तुरुन्तै बन्द गर्नुपर्छ ।

नेपाली राजनीतिकर्मीहरू भारतको सहयोग नपाईकन नेपालको राजनीतिमा अघि बढ्न सकिँदैन भन्ने सोच राख्छन् र भारतीय राजनीतिक नेतासँग सम्बन्ध बनाउन तँछाड, मछाड गर्छन् । तर, नेपाली जनताले भने भारतसँगको विशेष सम्बन्ध भएका नेतालाई खासै नरुचाएको देखिन्छ । नेपालका राजनीतिक नेता तथा उपल्ला तहका कर्मचारीहरू भारतमुखी हुने रोगबाट मुक्त हुनै पर्दछ । त्यस्तै नेपालले भारतसँगको सम्बन्धमा चिनियाँ कार्डको कूटनीति खेल्नखोज्छ जसले भारतीय नेतृत्वलाई उत्तेजित पारिदिन्छ ।

भारतीय र चिनियाँ कार्ड खेल्ने क्रममा कतिपय आयोजना कहिले भारत र कहिले चीनका कम्पनीलाई दिएर कुनै देश विशेषसँग साखुल्य हुन चाहने नेपाली नेताको व्यवहारले पनि हामीलाई स्वतन्त्र राष्ट्रको रूपमा भन्दा आश्रित देशजस्तो बनाउँछ । नेपाल सानो देश भएकाले भारतलाई धेरै चिढ्याउन वा उसको विरुद्ध ठूलो षडयन्त्र गर्ने काम गर्न सक्दैन । नेपालको आर्थिक र भौगोलिक अवस्थाले पनि भारतविरुद्धमा धेरै ठूलो अडान लिनसक्ने अवस्थामा छैन । यो नेपालले बुझेको पनि छ । अब जाऔं, भारतको नेपालप्रतिको सोचमा आउनुपर्ने परिवर्तनका विषयमा । भारतीयहरू नेपालीसँग चिढिने सबैभन्दा ठूलो विषय चीनसँग नेपालको निकट सम्बन्ध हो । वैदेशिक सम्बन्धमा चासो राख्ने भारतीयलाई नेपालको चीनसँगको सम्बन्ध पाकिस्तानको चीनसँग भन्दा नजिकको छ भन्ने बनाइएको छ । भारतीयले बुझ्नुपर्ने के हो भने नेपालले चीनसँग सम्बन्ध नराखी भारतसँगमात्र सम्बन्ध बनाउन सक्दैन । दुवै छिमेकी राष्ट्रसँग उसले आफ्नै तरिकाको सम्बन्ध राख्छ र राख्न पाउनुपर्छ ।

तर, नेपालको २०७२ सालको वैशाखमा आएको भूकम्प र त्यसलगत्तै भारतले लगाएको नाकाबन्दीको समयदेखि नेपाल र चीनबीच पचास वर्ष अघिदेखि सञ्चालनमा रहेको तातोपानी भन्सार नाका बन्द रहेको छ । यो विगत सात वर्षदेखि खुल्नसकेको छैन । चीनसँग अहिले चालु रहेको रसुवागढीको नाका कति प्रारम्भिक अवस्थामा छ भने यहाँबाट ठूलो आयात निर्यात केही पनि सहज छैन । तर, भारतका बुद्धिजीवी भने या त यो तथ्यसँग परिचित छैनन् वा हुन चाहँदैनन् ।

नेपाल र चीनको प्रगाढ सम्बन्ध छ भनेर भारतीय मिडिया र कर्मचारीतन्त्रमा धेरै हौवा फैलाउनुको अर्को कारण पनि हुनसक्ने आशंका गर्न सकिन्छ । भारतको जासुसी संयन्त्र र सुरक्षाका लागि भनेर नेपालका लागि छुट्याउने बजेटमा कमी नआओस् भन्ने पनि कर्मचारीतन्त्रको स्वार्थ हुनसक्छ । भारतले लामो समयदेखि व्यापार सन्तुलन भारतको पक्षमा भए पनि भुक्तानी सन्तुलन (ब्यालेन्स अफ पेमेन्ट) मा नेपाललाई खासै समस्या छैन भन्दै आएको हो । त्यसको मतलब भारतीय सेनामा कार्यरत गोर्खाली सेनाले भारतबाट ल्याउने तलब र पेन्सनसहित भारतमा काम गर्ने नेपालीले ल्याउने भारतीय रुपैयाँको आयतन ठूलो भएकाले यस्तो भएको हो भन्ने थियो । तर, त्यसमा परिवर्तन आएको तथ्य भारतले अझै फदयङ्म गर्नसकेको छैन । रेमिट्यान्सकै कुरा गर्ने हो भने अहिले नेपाल भारतको आठौं ठूलो रेमिट्यान्सको स्रोत देश हो । - बाँकी ३ पेजमा....

# उषा र कामनाले माल्दिभ्समा भलिबल लिग खेल्ने



काठमाडौं/ नेपाली राष्ट्रिय महिला भलिबल टिमका दुई खेलाडी उषा भण्डारी र कामना विष्टले माल्दिभ्समा व्यवसायिक भलिबल लिग खेल्ने भएका छन् । नेपाल पुलिस क्लबबाट घरेलु भलिबल खेल्दै आएका दुवै खेलाडी माल्दिभ्स भलिबल एसोसिएसन कप २०२२ खेल्न मंगलबार माल्दिभ्सको माले प्रस्थान गरिसकेका छन् ।

नेपाल पुलिस क्लबकी सहायक प्रशिक्षक तथा राष्ट्रिय टिमका पूर्व खेलाडी कोपिला उप्रेतीले दुवै खेलाडीका लागि समन्वय गरेकी थिइन् । कोपिलाले समेत यसअघि माल्दिभ्समा लिग खेलिसकेकी छन् ।

'हामीले पहिलेदेखि खेल्दै आएकाले चिनजान पनि थियो । अहिले नेपाली खेलाडीहरुले पनि राम्रो खेल्छन् । अनुशासित छन् भन्ने अरुले बुझेका छन् । त्यसैले पनि सहज भयो,' कोपिलाले भनिन् ।

कोपिलाले यसअघि २०१५ देखि २०१७ सम्म माल्दिभ्समा लिग खेलेकी थिइन् । अहिले उनै कोपिला प्रशिक्षक बनिसक्दा उषा र कामना भने पुलिसको मुख्य खेलाडीको रुपमा उदाएका छन् । उषा र कामना दुवै स्पाइकर हुन् । दुवैले राष्ट्रिय टिमबाट खेलिसकेका छन् । नेपालले गत वर्ष बंगलादेशमा एसियन सेन्ट्रल जोन च्यालेन्ज कप जित्दा दुवै खेलाडी टिममा थिए । कामनाले त्यहींबाट डेब्यु गरेकी हुन् ।

उषा र कामनाले पहिलो पटक विदेशी लिग खेल्न लागेका हुन् । उषाले माल्दिभ्स नेसनल डिफेन्स फोर्स (आर्मी)बाट तथा कामनाले माल्दिभ्स सर्भिस क्लब (पुलिस) टिमबाट खेल्ने कोपिला उप्रेतीले जानकारी दिइन् । मालेका हुने प्रतियोगिता यही मे १९ देखि ३१ सम्म सञ्चालन हुनेछ भने कुल १० टिमले प्रतिस्पर्धा गर्नेछन् ।

उषा र कामना हवाई टिकट लगायत खर्च सम्बन्धित क्लबले नै व्योहोर्नेछ । त्यसबाहेक उनीहरुले पकेट मनी स्वरुप करिब ८ सय डलर प्राप्त गर्नेछन् । दुवै खेलाडीले नेपाल भलिबल संघ र पुलिसको स्वीकृति लिएर खेल्न गएका हुन् ।

**युवा खेलाडीलाई राम्रो अवसर**

नेपाली महिला भलिबलमा दुवै उदाउँदा खेलाडी हुन् । घरेलु प्रतियोगितादेखि अन्तर्राष्ट्रिय अनुभव समेत लिइसकेका उषा र कामनालाई माल्दिभ्सको लिग नयाँ अनुभव हुनेछ । माल्दिभ्सको लिगमा अमेरिका, सर्बियादेखि थाइल्याण्डसम्मका खेलाडी आएर खेलिसकेका छन् । विदेशी खेलाडीहरुसँग खेल्दा नेपाली खेलाडीले पनि थप एक्सपोजर पाउने कोपिलाले बताइन् ।

'अहिले श्रीलंकाको तुलानामा नेपाली खेलाडीहरुले राम्रो खेल्न थालेका छन् । यसपटक पनि लिगमा विदेशी खेलाडीमा नेपाल, श्रीलंका र थाइल्याण्डका खेलाडीहरु खेल्दैछन्,' कोपिलाले भनिन्, 'नयाँ खेलाडीहरुको लागि यो राम्रो अवसर हो । उनीहरु अझै ८-१० वर्ष खेल्न सक्छन् । यसले पनि थप हौसला दिन्छ ।'

यसअघि कोपिलासँगै, निमा श्रेष्ठ, मञ्जु गुरुङ, सरस्वती चौधरी, अरुणा शाही र प्रतिभा मालीले पनि माल्दिभ्समा खेलिसकेका छन् । सुरुमा कोपिला र निमाले खेलेका थिए । -साभार: अनलाईनखबर

# नेपाली रुचिको...

अमेरिकी अनुसन्धान संस्था पिउ रिसर्चका अनुसार भारतले पाउने कुल ६३ अर्ब डलर रेमिट्यान्समध्ये नेपालबाट मात्रै ३.०२ अर्ब डलर भारत जान्छ । सोही संस्थाको रिपोर्टअनुसार भारतबाट नेपालले १.०२ अर्ब डलरमात्र कमाइ गर्छ । यो तथ्य जनताको तहमा पुग्ने हो भने भारतीयहरूमा नेपालीहरू श्रमिकमात्र हुन भन्न सोच पनि मेटिएर जान्छ । यो सोच परिवर्तन नभई भारतीयको नेपालप्रतिको दृष्टिकोण परिवर्तन हुँदैन ।

विप्रेषण वा रेमिट्यान्समा मात्र होइन नेपाल भारतका लागि आर्थिकरूपमा पनि ठूलो स्रोत हो । भारतले प्रत्येक वर्ष नेपालमा करिब ९० करोड डलर बराबरको सामग्री निर्यात गर्छ । यसको आधारमा भारतले निर्यात गर्ने देशमध्ये नेपाल ११ औं ठूलो देशमा पर्छ । तर, यो त आधिकारिक तथ्यांक हो ।

धेरैको अनुमानमा नेपालले आधिकारिकभन्दा दोब्बर सामान भारतबाट आयात गर्छ जुन औपचारिक गणनामा आउँदैन । यो सही हो भने भारतका लागि नेपाल चौथो सबैभन्दा ठूलो खरिदकर्ता हो । यो तथ्य भारतीय बुद्धिजीवी र मिडियाले बुझेको खण्डमा नेपालप्रतिको सम्मान स्वत: बढ्नेमा शंका छैन । नाकाबन्दीको बेलामा भारतीय व्यवसायीले भने यो कुरा निकै बुझेका देखियो जुन सीमा नाकाका व्यवसायीले स्वीकार पनि गरेका थिए । त्यसैले, नेपाल र भारतको सम्बन्धको विषयमा कुरा गर्दा हामीलाई भारतको सहयोग पनि चाहिन्छ, अपनत्व पनि चाहिन्छ तर सँगै समान हैसियतमा सम्मान पनि चाहिन्छ । भारतले नेपाललाई ठूलो आर्थिक सहयोग दिनु पर्दैन, ठूला विद्युत् आयोजनामा लगानी गर्ने र सो बिजुली किनेर आफ्नो देश विकास गर्ने सोच राखे पुग्छ । त्यसैले बुद्ध जयन्तीको अवसरमा अरुण चौथो जलविद्युत् विकास गर्ने सम्झौतामा भएको हस्ताक्षर स्वागतयोग्य छ ।

बुद्ध जयन्तीमा आएर 'बुद्धको जन्मस्थल नेपाल हो' भन्ने तथ्य दोहोऱ्याएर भारतीय प्रधानमन्त्री मोदीले नेपालीको दु:खेको घाउमा मलम लगाएका छन् । यसभन्दा थप नेपालीलाई दुख्ने घाउ आफ्नो सार्वभौमसत्ता हो । भारतले अन्तर्राष्ट्रिय मञ्चमा र यस क्षेत्रको भूराजनीतिक विषयमा नेपाललाई एक समान राष्ट्रको इज्जतका साथ सँगै लाने हो भने नेपालीहरूलाई भारतबाट थप केही चाहिँदैन । अहिले मोदीले देखाएको नयाँ अवतार पक्कै पनि नेपालीको रुचिअनुसारको छ । सबै नेपालीका तर्फबाट हार्दिक धन्यवाद ! नयाँ अवतार लिएको हो भने सीमा विवाद, भैरहवा विमानस्थलका लागि बाटो, नेपाली उत्पादनको क्वारेन्टिनको समस्या, सीमा नाकामा नेपालीले पाएको समस्या आदि समाधान गरिदिनुपऱ्यो भनेर सम्झाइराख्नु त पर्दैन नि ? -साभार: बाह्रखरी

# अकेशा विष्ट : खुशी र डरले भरिएको कमब्याक

काठमाडौं/ एक समय टेलिभिजनको दुनियाँमा अकेशा विष्टले आफूलाई दर्बिलो रुपमा उभ्याएकी थिइन् । कान्तिपुर टेलिभिजनबाट प्रशारण हुने 'कल कान्तिपुर'ले उनलाई दर्शकको ठूलो वर्गमा चिनाएको थियो ।

अग्लो कद, बोल्ड आवाज र नशालु आँखाले उनी 'हिरोइन मेट्रियल' देखिन्थिन् । यसैले उनलाई अभिनयको मोहले तान्दै गयो । म्यूजिक भिडियो हुँदै उनी फिल्मको हिरोइनसम्म बनिन् ।

सन् २०१५ मा रिलिज भएको फिल्म 'जिन्दगी रक्स'बाट उनले अभिनेत्रीको रुपमा डेब्यू गरेकी हुन् । तर, उनलाई पहिलो गाँसमै ढुंगा लाग्यो । न फिल्म चल्यो न त उनको अभिनयको प्रशंसा नै भयो । डेब्यू फिल्म रिलिजपछि उनले नेपालमा कमाएको नामलाई तिलाञ्जली दिएर सपनाको देश अमेरिकाको उडान भरिन् । त्यसपछि उनले करीब ६ वर्ष अमेरिकामा गुनमान जीवन विताइन् ।

उनै, अकेशा फेरि आफ्नो दुनियाँमा फर्किएकी छन् अर्थात् अभिनयमा । उनको कमब्याक फिल्म 'लाइफ इन एलए' यही जेठ ६ गतेबाट प्रदर्शनमा आउने तयारीमा छ । यसैका लागि उनी सोमवार अमेरिकाबाट नेपाल आएकी छन् । उनी आफ्नो कमब्याक खुसी, डर र नर्भसले भरिएको सुनाउँछिन् । तर, अब अमेरिकामा बसेरै भए पनि अभिनयलाई निरन्तरता दिने उनको सोच छ ।

सोमवार राजधानीमा पत्रकारसँग गफिने क्रममा उनी फिल्ममा फर्किन ढिलाई हुनुको कारणबारे भन्दै थिइन्, 'मेरो पहिलो फिल्म रिलिजपछि देशमा भूकम्प गयो । त्यसपछि फिल्म सम्बन्धि काम खासै भएनन् । त्यसलगत्तै म अमेरिका गएँ । उता गएपछि पढाई र कामले गर्दा फिल्ममा समय दिन सकिएन । अब राम्रो भूमिकाबाट प्रस्ताव आयो भने अभिनयलाई निरन्तरता दिने सोचमा छु ।' आफू अमेरिकामा बस्न थाले पनि मनबाट नेपाली फिल्म कहिल्यै टाढा हुन नसकेको उनको भनाई छ । 'म अमेरिका बस्न थाले पनि नेपाली फिल्म सधैं मेरो मनमा थियो ।



बीच-बीचमा केही फिल्मबाट अफर पनि आएको थियो तर व्यस्तताका कारण काम गर्न पाएको थिइनँ । 'लाइफ इन एलए'बाट प्रस्ताव आउँदा म फुर्सद नै थिएँ । स्क्रिप्ट र भूमिका मन परेपछि काम गरें,' उनले भनिन् । सूर्य एन श्रेष्ठ निर्देशित फिल्म 'लाइफ इन एलए'मा ब्यास बिस्सु, शिल्पा मास्के, गौरव पहारी, बुद्धि तामाङ, प्रकाश घिमिरे, लोकेन्द्र लेखक, साम भुजेल, जयन्द्र चिलुवाललगायतको अभिनय छ ।

नेपाल प्रदर्शनअघि फिल्मको अमेरिकाको विभिन्न ठाउँमा प्रिमियर भएको थियो । त्यहाँ मिलेको प्रतिक्रियाबाट उत्साहित भएकी अकेशा नेपालमा पनि दर्शकले फिल्म रुचाउनेमा आशावादी छिन् । -फिल्मीखबर

# विवेकशील साझाले जित्यो वडाध्यक्ष



बारा/बाराको फेटा गाउँपालिकामा विवेकशील साझा पार्टीले वडाध्यक्ष जितेको छ । वडा नम्बर ६ को वडाध्यक्षमा अमीर हमजा ठकुराई ५९१ मत ल्याउँदै निर्वाचित भएका हुन् ।

उनका निकटतम प्रतिद्वन्दी नेकपा एमालेका जाकिर हुसेन मियाले ४५७ मत पाएका छन् । फेटाको अध्यक्षमै विवेकशील साझाका रुस्तम अन्सारीले अग्रता लिएका छन् । उनले २ हजार २५८ मत पाउँदा लोकतान्त्रिक समाजवादी पार्टीका मदनप्रसाद साह कानूले १ हजार ४६६ मत पाएका छन् भने जनता समाजवादी पार्टीका रामएकवाल प्रसाद तेलीले १ हजार ९९ मत पाएका छन् ।

फेटामा १, २, ६ र ७ नम्बर वडाको परिणाम आइसकेको छ भने वडा नम्बर ३,४ र ५ को गणना गर्न बाँकी छ । -अनलाईनखबरबाट

# नखाएको विष लाग्दैन : फुटबलर अन्जन विष्ट



मुख्य प्रशिक्षक अब्दुल्लाह अल्मुताइरीसँगको विवादका कारण नेपाली फुटबल टिमको बन्द प्रशिक्षणबाट बाहिर रहेका नेपाली राष्ट्रिय फुटबल टोलीका स्ट्राइकर अन्जन विष्टले छिट्टै टिममा फर्किने आशा व्यक्त गरेका छन् ।


सोमबारदेखि २४औं वर्षमा प्रवेश गरेका अन्जनले सामाजिक सञ्जाल फेसबुकमार्फत जन्मदिनको सुभकामना दिने सम्पूर्णमा धन्यवाद दिँदै उनले राष्ट्रिय टोलीको विवाद चाडै समाधान हुनेमा आफू आशावादी रहेको बताए ।

अन्जनले नखाएको विष नलाग्ने भन्दै छिट्टै राष्ट्रिय टिमको जर्सीमा फर्किएर समर्थकहरूमा खुसी दिने मन भएको लेखेका छन् ।

'मेरो जन्मदिनको अवसरमा शुभकामना व्यक्त गर्नुहुने सम्पूर्ण दाजुभाइ, दिदीबहिनी तथा मलाई सदैव साथ दिनुहुने मेरा प्यारा फ्यानहरूमा फदयदेखिनै हार्दिक कृतज्ञता प्रकट गर्न चाहान्छु । सायद यो जन्मदिन अरु वर्षभन्दा अलिक फरक रह्यो, आसा छ छिट्टै सबै कुरा ठिक हुनेछ । नखाएको विष लाग्दैन भन्ने लाग्छ, गल्ती नगरी कसैले पनि सजाय भोग्न नपरोस् । छिटै राष्ट्रिय टिमको जर्सी लगाई सम्पूर्ण नेपालीलाई खुसी दिन मन छ । सदैव यहाँहरुको साथ सहयोग र मायाको आस गर्दै पुन: सबैमा हार्दिक धन्यवाद,! उनले लेखेका छन् ।

एसियन कपको तयारीका लागि बन्द प्रशिक्षणमा रहेको नेपाली टोलीका १० खेलाडीलाई मुख्य प्रशिक्षक अल्मुताइरीले होटल छोड्न निर्देशन दिएको भन्दै अन्जनसँगै अन्य ९ खेलाडीले प्रशिक्षण छोडेका थिए । विवादबारे खेलाडी तथा प्रशिक्षक अल्मुताइरी दुवैले एन्फालाई पत्र पठाएका थिए । खेलाडीले घटनाको जानकारी गराउँदै स्पष्ट छानबिनको माग राखेका थिए भने प्रशिक्षकले खेलाडीहरूलाई माफी दिएको बताएका थिए । यद्यपि, प्रशिक्षकले माफी दिए पनि खेलाडीहरूलाई आसन्न एएफसी एसियन कप छनोटको तेस्रो चरणका लागि भने टिममा समावेश नगराउने बताइसकेका छन् । विवाद छानविनका लागि एन्फाले तीन सदस्य छानविन कार्यदल बनाएको छ । नेपालले जेठ अन्तिम साता एएफसी एसियन कप छनोटमा जोर्डन, कुवेत र इन्डोनेसियासँग खेल खेल्नेछ । -साभार: इकागज

# बजेटमा ऊर्जा : ठूला र जलाशययुक्त आयोजनाको स्रोत सुनिश्चितता गरिने



काठमाडौं/आगामी आर्थिक वर्षको बजेटबाट ठूलो र जलाशययुक्त जलविद्युत आयोजनाको स्रोत सुनिश्चित गरिने भएको छ । अहिलेसम्म स्रोत सुनिश्चित नभएका आयोजनालाई आगामी आर्थिक वर्षको बजेटले अघि बढाउने गरी स्रोतको सुनिश्चितता गर्ने भएको हो ।

अर्थमन्त्री जनार्दन शर्माले आगामी वर्षको बजेटमा ऊर्जा क्षेत्रको विकासलाई प्राथमिकतामा राखिएको जानकारी दिए । उनले हाल निर्माणाधिन जलविद्युत आयोजना र र प्रसारण लाइनको निर्माणको कामलाई निरन्तरता दिँदै थप आयोजनाको निर्माण अघि बढाउने बताएका हुन् ।

ठूला र जलाशययुक्त आयोजनासँगै लघु, मझौला र नवीकरणीय ऊर्जाको विकास समेत अघि बढाउने उनको योजना छ ।

यस्तै, नेपालका शतप्रतिशत नागरिकलाई विद्युत सेवा उपलब्ध गराउने लक्ष्य आगामी बजेटले लिने छ । यसैगरी, आगामी वर्ष ऊर्जाका लागि आवश्यक पूर्वाधार, सबस्टेसन, प्रसारण लाइनको निर्माण गर्ने विद्युत खपत बढाउने गरी बजेट विनियोजन गरिने उनको भनाइ छ । -रातोपाटी

# श्रीलंकाका नयाँ प्रधानमन्त्रीले भने, 'आगामी दुई महिना सबैभन्दा कठिन'

काठमाडौं/श्रीलंकाका नवनियुक्त प्रधानमन्त्री रणिल विक्रमासिंघेले देशको विद्यमान आर्थिक अवस्थाबारे जानकारी दिँदै देशबासीलाई सम्बोधन गरेका छन् । सम्बोधनमा उनले आगामी दुई महिना श्रीलंकाका लागि सबैभन्दा कठिन समय हुने बताएका छन् ।

'म आम जनतासँग केही पनि कुरा लुकाउन चाहान्नँ, जनतालाई ढाँट्न चाहान्न,' उनले भने, 'यद्यपि यी तथ्यहरू अत्यासलाग्दा छन्, तर यो नै हाम्रो वास्तविकता हो ।'

सरकारी राजस्व १६०० अर्ब श्रीलंकन रुपैयाँ छ भने सरकारको खर्च ४००० अर्ब तथा बजेट घाटा २४०० अर्ब रुपैयाँ छ । बजेट घाटा कुल गार्हस्थ उत्पादनको १३ प्रतिशत रहेको उनले बताए । सार्वजनिक ऋणको सीमा १९५० अर्ब छ र मे महिनाको दोस्रो सातासम्म स्वीकृत ऋणको सीमा ३२०० अर्ब रुपैयाँ छ ।

विदेशी मुद्राको सञ्चिति सन् २०१९ नोभेम्बर महिनासम्म ७.५ अर्ब अमेरिकी डलर रहेकोमा अहिले श्रीलंकाको ढुकुटीमा १० लाख अमेरिकी डलर मात्र छ ।

इन्धन खरिदका लागि लागिरहेको लाइनको चाप कम गर्न श्रीलंकालाई ७ करोड ५० लाख डलर चाहिएको छ । हामीसँग एक दिनका लागि मात्र पेट्रोल भण्डारण रहेको छ ।

'हिजोमात्रै हामीले डिजेल आयात गर्ने प्रबन्ध मिलायौं, भारतको क्रेडिट लाइन अन्तर्गत डिजेलको अर्को सीपमेन्ट मे १८ तारिख र जुन १ मा तय भएको छ,' उनले भने, 'त्यस्तै पेट्रोलको सीपमेन्ट १८ र २९ तारिखमा प्राप्त हुँदैछ । यी सिपमेन्टलाई भुक्तानी गर्नका लागि खुला बजारबाट डलर प्राप्त गर्ने प्रक्रिया अघि बढाइएको छ ।'

श्रीलंकामा एक तिहाई विद्युत् इन्धनबाट उत्पादन हुने गरेको भन्दै प्रधानमन्त्री बिक्रमासिंघेले विद्युत् कटौती दिनमा १५ घण्टासम्म लम्बिनसक्ने उनले बताए । उनले आगामी ४० दिनमा ३ जहाज कच्चा तेल र फर्नेस आयल श्रीलंकाको समुद्रीमार्गमा जहाजका लागि प्रबन्ध गरिएको बताउँदै यो संकट पार लगायन पैसा प्राप्त भएको पनि उल्लेख गरे ।

त्यस्तै, खाना पकाउने ग्यासका लागि श्रीलंकालाई तत्काल २ करोड डलर चाहिएको भन्दै उनले आज (मंगलबार)सम्म ग्यास आयातका लागि पैसा पठाउने गरी तयारी भएको बताएका छन् ।

औषधी तथा चिकित्सा उपकरणका लागि झन्डै ३४ अर्ब रुपैयाँको भुक्तानी बक्यौतामा चार महिनाका लागि औषधी, स्वास्थ्य उपकरण र बिरामीका लागि खाना उपलब्ध गराई औषधी र चिकित्सा सामग्रीको चरम अभावको अवस्था सम्बोधन गरिने र समस्या समाधानका दीर्घकालीन उपाय पनि खोज्ने उनले उल्लेख गरेका छन् बिरासिंघे गत साता बिहीबार प्रधानमन्त्री नियुक्त भएका हुन् । उनले आफू राजनीतिक नेतामात्र नभएर राष्ट्रिय नेता भएको र श्रीलंकाप्रति आफ्नो ठूलो जिम्मेवारी रहेकाले कठिन समयमा सरकारको नेतृत्व लिएर श्रीलंकामा जारी संकट पार लगाउन तल्लीन रहेको बताएका छन् । विद्यार्थी जीवनमा कोलम्बो विश्वविद्यालयमा नि:शुल्क शिक्षा प्राप्त गर्ने अवसर प्राप्त गरेका उनले आफू राष्ट्रपति ऋणी रहेको उल्लेख गरेका छन् ।

प्रधानमन्त्रीका रूपमा रणिल बिक्रमासिंघेको यो पाँचौ कार्यकाल हो । मार्च महिनादेखि श्रीलंकाको संकट प्रष्ट रूपमा देखिन थालेको थियो भने अप्रिल महिनामा आएर उसले बाह्य ऋण तिर्न नसकिने भन्दै हात उठाएपछि श्रीलंकाली अर्थतन्त्रको कठिन अवस्थाले त्यहाँ ठूलो तरंग सिर्जना भएको थियो ।

त्यसयता श्रीलंकामा सरकार विरोधी प्रदर्शन, आन्दोलन र हिंसात्मक घटनाहरू समेत भइरहेका छन् । अघिल्लो साता सोमबार तत्कालीन प्रधानमन्त्री महिन्दा राजापाक्षले हिंसात्मक आन्दोलन चर्किएपछि राजीनामा गरेका थिए । त्यसपछि राष्ट्रपति गोताबाय राजापाक्षले अनुभवी राजनीतिज्ञ बिक्रमासिंघेलाई बिहीबार प्रधानमन्त्री नियुक्त गरेका थिए ।

-साभार: इकागज

# 'कबड्डी ४'को देश दौडाहामा निस्किए दयाहाङ र मिरुना




काठमाडौं/स्थानीय चुनावको सरगर्मीबीच रिलिज तयारीमा रहेको फिल्म 'कबड्डी ४'ले देश दौडाहा थालेको छ । सोमबार पूर्वी नेपालको दमकदेखि सुरु भएको प्रचार यात्रा इटहरी, चितवन, बुटवल, पोखरा हुँदै काठमाडौंसम्म आइपुग्ने भएको छ ।

चुनावको गर्मागर्मीबीच पनि दमकमा आयोजित कबड्डी कार्यक्रममा बाक्लो उपस्थिती रह्यो । 'हामीलाई चुनावको कारण दर्शक आउँदैनन् कि भन्ने डर थियो, त्यस्तो भएन' निर्माता मणिराम पोखरेलले भने, 'अन्य ठाउँमा पनि दर्शक आउने अपेक्षा गरेका छौं ।'

फिल्म जेठ १३ गते प्रदर्शन तयारीमा छ । रिलिज लगत्तै नेपालगञ्ज लगायतको पश्चिम नेपाल यात्रा सुरु हुनेछ । चुनावले फिल्मको प्रचारप्रसारलाई केही ओझेलमा पारेको देखिएपनि पुन: दर्शक हलसम्म आउनेमा निर्माता पोखरेल विश्वस्त सुनिए । कबड्डीको यो दौडाहामा कलाकारहरु दयाहाङ राई, विजय बराल, मिरुना मगर, बुद्धि तामाङ, लेखक उपेन्द्र सुब्बा र निर्माता पोखरेल सहभागि छन् । छायांकन भैरहेको फिल्म 'के घर के डेरा'बाट समय मिलाएर दयाहाङ कबड्डी प्रचारमा निस्किएका हुन् । फिल्मको प्रचारमा साथ नदिएको भन्दै दयाहाङको आलोचना भएको थियो । तर, अर्का अभिनेता सौगात मल्ल चाहिँ प्रचारमा देखिएका छैनन् । कबड्डी ४ लाई लिएर दर्शकमाझ पर्खाइ छ । रामबाबु गुरुङ निर्देशित फिल्मका अघिल्ला तीनैवटा सिरिजले नेपाली बक्सअफिसमा राम्रो कमाइ गरेका छन् । कबड्डी ४ ले रिलिज अगावै विदेश र डिजिटल राइटमार्फत लगानी सुनिश्चित गरिसकेको छ ।

-साभार: अनलाईनखबर

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*



# हेटौंडामा विरासत जोगाउन एमालेलाई कति सम्भव ?

साझाकुरा संवाददाता

हेटौंडा, ३ जेठ/ हेटौंडामा मतगणना जारी छ । नतिजा पनि अनपेक्षित आइरहेको छ । जसकारण बहुदलपछि निरन्तर राज गर्दै आएको एमालेलाई झस्कापनि दिइरहेको छ ।

०४६ सालपछि निरन्तर जित्दै आएको एमालेलाई २०७८ मा आएर धक्का लाग्ने सम्भावना बढेको छ । हालसम्मको मतगणना अनुसार हेटौंडामा एमाले तेस्रो स्थानमा छ । सानो संगठन भएको राप्रपासमेत एमाले भन्दा अगाडि छ । राप्रपा भन्दापनि अगाडि गठबन्धनका उम्मेदवार छन् ।







समाचार तयार पार्दासम्म गठबन्धनबाट हेटौंडाको मेयर उम्मेदवार नेकपा एकीकृत समाजवादीकी मिनाकुमारी लामा अग्रभागमा छिन् । लामालाई पछ्याउँदै आइरहेका छन्, राप्रपाका मेयर उम्मेदवार दिपक सिंह । उनै सिंहले हेटौंडामा अनपेक्षित मत ल्याइरहेका छन् । जसका कारण हेटौंडामा तरंग नै ल्याएको छ ।

सिंहको पछाडि मात्रै एमालेका मेयर उम्मेदवार अनन्त पौडेल छन् । यहाँ २०४६ मा बहुदल आएपछि एमाले बाहेक अन्य पार्टीले निर्वाचन जित्न सकेको छैन् । ०४९ र ०५४ मा भएको निर्वाचनमा एमाले विजयी बन्यो ।

२० वर्षपछि २०७४ मा भएको निर्वाचनमा पनि एमालेका मेयर र उपमेयर नै निर्वाचित भए । हाल पौडेल तेस्रो स्थानमा छन् भने उपमेयर उम्मेदवार सुमित्रा काफ्ले ठूलो मतान्तरसहित दोस्रो स्थानमा छिन् । काफ्ले अघि गठबन्धनबा उपमेयर उम्मेदवार नेपाली कांग्रेसका राजेश बानियाँ छन् ।

मेयर उम्मेदवार लामा २८ हजार ३ सय ५६ मत गन्दा करिब ९ हजार मतसहित अगाडि छिन् । १, २, १८ र १९ नम्बर वडाको मतगणना सम्पन्न भएर ३,४, ५, ६, १४, १५, १६ र १७ नम्बर वडा मतगणना जारी रहँदा लामा ८ हजार ९ सय १५ मतसहित सबैभन्दा अगाडि रहेकी हुन् ।

उनलाई राप्रपाका दिपक सिंहले ८ हजार ७ सय ९० मत ल्याएर पछ्याइरहेका छन् । एमालेका पौडेलले समाचार तयार पर्दासम्म ७ हजार ६ सय २ मत ल्याएका थिए ।

हेटौंडाको उपमेयरमा पनि गठबन्धनका उम्मेदवार नेपाली कांग्रेसका बानियाँ सबैभन्दा अगाडि छन् । उनले २७ हजार ७ सय ५४ मतगणना हुँदा १२ हजार ४ सय ५९ मत ल्याए । एमालेकी उपमेयर उम्मेदवार काफ्लेले ८ हजार २ सय ३९ मतसहित दोस्रो स्थानमा छिन् ।

राप्रपाकी उपमेयर उम्मेदवार इन्दिरा न्यौपाने २ हजार १ सय २१ मतसहित तेस्रो स्थानमा रहेकी छन् । एमालेभित्र मेयर र उपमेयरलाई अपेक्षा गरेअनुसार मत नआएपछि अन्तर्घातको बहस सुरु भएको छ । तर, कतिपयले पार्टी विभाजन र गठबन्धनको असर भनिरहेका छन् ।

जिल्लाकै १० स्थानीय तहमध्ये सबैभन्दा बलियो संगठन भएको हेटौंडामा तेस्रो स्थानमा खुम्चिनु परेपछि एमालेमा सन्नाटा छाएको हो ।

हेटौंडामा मात्र नभई, मकवानपुरकै कम्युनिष्टको गढ हो । गत निर्वाचनमा बहुमत पालिका एमालेले जितेको थियो । तर, जिल्लामा एमालेले पुरानो बिरासत जोगाउन सकेको छैन् । गत निर्वाचनमा एमालेले जितेको मकवानपुरगढी, मनहरी र कैलाश गाउँपालिकामा गठबन्धनका उम्मेदवार निर्वाचित भइसकेका छन् ।

हेटौंडाको अधिकांश वडाको मतगणना जारी छ । तर, एमालेका मेयर र उपमेयरले जित्ने झिनो सम्भावना छ । गत निर्वाचनमा नेपाली कांग्रेस र माओवादी केन्द्रको गठबन्धन उम्मेदवारलाई हराउँदै एमालेका उम्मेदवार विजयी भएका थिए । तर, यसवर्ष सोही अनुपातमा मत किन पाएन ? यो एमालेभित्रै समिक्षा होला । तर, राप्रपाका उम्मेदवार दिपक सिंहको योजनलाई नगरबासीले मन पराउनु र पार्टी विभाजनको असर प्रमुख कारण हुन् ।

सिंहले गठबन्धनको मत काट्ने एमालेको आंकलन ठिक विपरित भइदिएपछि नतिजा खस्किएको बताइन्छ । नेकपा एमाले मकवानपुरका अध्यक्ष एकालाल श्रेष्ठले पार्टी विभाजनको असर नभई गठबन्धन दलको असरका कारण तेस्रो स्थानमा पुगेको दावी गर्छन् । एमाले अध्यक्ष श्रेष्ठले बाँकी वडामा मतगणना हुँदै गरेकाले सम्भावना अझै रहेको बताए ।

हेटौंडाको ३,४, ५, ६, १४, १५, १६ र १७ नम्बर वडा मतगणना जारी छ । ७, ८, ९, १०, ११, १२, १३ नम्बर वडाको मतगणना हुन बाँकी रहेको निर्वाचन कार्यालयले जानकारी दिएको छ । १, २, १८ र १९ नम्बर वडाको मतगणना गरेर सक्किएको छ । जसमध्ये १ नम्बर वडामा कांग्रेसका सविन न्यौपाने, २ नम्बर वडामा कांग्रेसका विष्णुगोपाल महर्जन, १८ नम्बर वडामा एमालेका अनिल बानियाँ र १९ नम्बर वडामा एमालेकै नरनाथ सुवेदी विजयी भएका छन् । गत निर्वाचनमा एमालेले हेटौंडाको १९ वटा वडामध्ये बहुमत अर्थात १२ वटा वडामा विजय हासिल गरेको थियो ।

## देउवाको भाइको निधनमा काँग्रेसद्वारा दु:ख व्यक्त



काठमाडौं, ३ जेठ/ नेपाली काँग्रेसका सभापति एवम् प्रधानमन्त्री शेरबहादुर देउवाका सहोदर भाइ प्रेमबहादुर देउवाको निधनमा सो पार्टीले दु:ख व्यक्त गरेको छ । ६७ वर्षको उमेरमा प्रेमबहादुरको गए राति काठमाडौंमा उपचारका क्रममा निधन भएको थियो ।

सामाजिक व्यक्तित्वका रुपमा परिचित स्वर्गीय प्रेमबहादुर देउवाका श्रीमती, दुई छोरा र दुई छोरी छन् । काँग्रेसले उनको निधनप्रति गहिरो दु:ख व्यक्त गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पणसहित आत्माको चिर शान्तिको कामना गरेको छ ।

मुख्य सचिव कृष्ण प्रसाद पौडेलले जारी गरेको शोक वक्तव्यमा प्रधानमन्त्री शेरबहादुर देउवा लगायत शोक सन्तप्त परिवारजनप्रति समवेदना प्रकट गरिएको छ । -रातोपाटी

## मकवानपुरगढी र राक्सिराङमा गठबन्धनका उम्मेदवार विजयी


साझाकुरा संवाददाता

हेटौंडा, ३ जेठ/ मकवानपुरको मकवानपुरगढी र राक्सिराङ गाउँपालिकामा गठबन्धनका अध्यक्ष र उपाध्यक्ष उम्मेदवार विजयी भएका छन् ।



मकवानपुरगढीमा नेकपा एमालेका उम्मेदवार बिदुर हुमागाईंलाई पराजित गर्दै गठबन्धनबाट कांग्रेसका दोर्जे लामा स्याङ्तान १ हजार ६१ मतान्तरसहित निर्वाचित भएका हुन् । गत निर्वाचनमा अध्यक्षको लागि हुमागाईं र स्याङ्तान नै प्रतिस्पर्धामा थिए । गत निर्वाचनमा व्यहोरेको हारको बदला स्याङतानले तिरेका छन् । स्याङतानले ६ हजार ७ सय ६ मत ल्याएका थिए । उनका प्रतिद्वन्द्वी हुमागाईंले ५ हजार ६ सय ४५ मत प्राप्त गरे ।

उपाध्यक्षमा एमालेकी सन्तु थिङलाई हराउँदै नेकपा माओवादी केन्द्रकी मानकुमारी पाख्रिन उपाध्यक्षमा विजयी भइन् । पाख्रिनले थिङलाई ९ सय ६ मतान्तरमा पराजित गरेकी छन् । पाख्रिनले ६ हजार १ सय १० मत पाउँदा थिङले ५ हजार २ सय ४ मत ल्याइन् । मकवानपुर गढीमा कांग्रेसले ६ वटा वडा जित्दा एमाले २ वटा वडामा मात्रै विजयी भयो । यसैगरी, राक्सिराङ गाउँपालिकाको अध्यक्षमा सत्तारुढ गठबन्धनको तर्फबाट नेपाली कांग्रेसका उम्मेदवार राजकुमार मल्ल दोस्रो पटकका लागि विजयी भएका छन् । मल्ल गत निर्वाचनमा पनि अध्यक्षमा निर्वाचित भएका थिए । मल्लले ५ हजार ४ सय ८१ मत ल्याएका छन् । एमालेका उम्मेदवार बाबुलाल स्याङ्तानले ४ हजार ५ सय ७२ मत मात्रै पाए । राक्सिराङको उपाध्यक्षमा नेकपा माओवादी केन्द्रका वनस्थम थिङ निर्वाचित भए । उनले ४ हजार ८ सय ३९ मत ल्याउँदा एमालेकी उम्मेदवार सुन्तली माया प्रजाले ४ हजार १ सय २९ मत पाएकी थिइन् ।



गोर्खाली ट्रेड एण्ड सप्लायर्स
हेटौंडा-४, रजतजयन्ती, ,फोन: ९८४१७७१६६४, ९८५५०३१६६४

## थप हवाई प्रवेश मार्ग उपलब्ध गराउन भारतसँग आग्रह

काठमाडौं, ३ जेठ/ प्रधानमन्त्री शेरबहादुर देउवाले महेन्द्रनगर, नेपालगञ्ज र जनकपुरबाट थप हवाई प्रवेश मार्ग उपलब्ध गराउन भारतसँग आग्रह गरेका छन् ।

भारतीय समकक्षी नरेन्द्र मोदीसँग भएको प्रतिनिधिमण्डल स्तरीय वार्तामा प्रधानमन्त्री देउवाले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको औपचारिक उद्घाटन र व्यावसायिक सञ्चालनको शुभारम्भ भइसकेको सन्दर्भमा सम्पर्क सञ्जाल विस्तार, सांस्कृतिक सम्बन्ध र जनता जनताबीचको आवागमनलाई थप सहज बनाउन उक्त विमानस्थल उपयुक्त हुने भएकाले थप हवाई प्रवेश मार्ग उपलब्ध गराउन आग्रह गरेका हुन ।

वार्ताका क्रममा प्रधानमन्त्री देउवाले आपसी हितका लागि दीर्घकालीनरूपमा विद्युत् व्यापार गर्न आग्रह गरेका थिए । परराष्ट्र मन्त्रालयका अनुसार अरुण तेस्रो जलविद्युत् आयोजना सुचारु रूपमा अगाडि बढिरहेकामा दुवै देशका प्रधानमन्त्रीले सन्तुष्टि प्रकट गरेका थिए । वार्ताका क्रममा प्रधानमन्त्री देउवाले उठाएका विषयलाई भारतीय प्रधानमन्त्री मोदीले सकारात्मक रूपमा लिएका छन् ।

वार्तामा दुवै देशका प्रधानमन्त्रीले स्वच्छ ऊर्जाका लागि जलविद्युतको महत्वमा जोड दिँदै जलविद्युत् क्षेत्रमा, सार्वजनिक, नीति र साझेदारीका अपार सम्भावनाहरू रहेकोमा सहमति जनाए । प्रधानमन्त्री देउवाले पश्चिम सेती जलविद्युत् आयोजनाको विकासका लागि भारतको इच्छुक कम्पनीलाई लगानीका निम्ति आग्रह गरे । पञ्चेश्वर आयोजनालाई प्राथमिकताका साथ आगाडि बढाउन पनि दुवै देशका प्रधानमन्त्रीले सहमति जनाएको मन्त्रालयले वार्तापछि जारी गरेको प्रेस विज्ञप्तिमा जनाइएको छ ।

वार्ताका क्रममा दुवै पक्षले सम्पर्क सञ्जाल विस्तारमा सहयोग प्रवर्धन, मल आपूर्ति समयमै गर्ने विषयलाई प्राथमिकतामा रहेको व्यापार सन्धिको समीक्षा गरिएको थियो । जलविद्युत् उत्पादन, बौद्ध र रामायण परिपथसहितका संस्कृति, पर्यटन, शिक्षा र शैक्षिक सहयोग, भारतीय मुद्रा बढी बोक्न पाउनुपर्ने प्रावधान, पारस्परिक हितका मामलामा क्षेत्रीय र बहुपक्षीय मञ्चहरूमा सहयोग आदानप्रदान गर्ने बारेमा पनि दुई देशका प्रधानमन्त्रीबीच छलफल भएको थियो ।

दुवै देशबीच सुक्खा बन्दरगाह निर्माण, चाँदनी, दोधारामा एकीकृत जाँच चौकी बनाउने, भारतको उत्तराखण्डको पूर्णगिरिमाई र डडेलधुराको पशुरामधाम जोड्ने पूल निर्माणबार पनि छलफल भएको थियो ।

नेपाललाई भूकम्प, केभिड-१९ जस्ता महामारीको प्रतिकूल परिस्थितिमा भारतले सहयोग गरेकोमा प्रधानमन्त्री देउवाले हार्दिक आभार व्यक्त गरे । साथै दुवै प्रधानमन्त्रीबीच गत चैतमा भएको प्रधानमन्त्री देउवाको भारतको भ्रमणका बारेमा समीक्षा भएको थियो । -साभार: इकागज


## वरिष्ठ अर्थोपेडिक सर्जन यादव नर्भिकमा




काठमाडौं, ३ जेठ/वरिष्ठ अर्थोपेडिक सर्जन डा. अभय यादवले थापाथलीस्थित नर्भिक अस्पतालमा आफ्नो विशेषज्ञ सेवा सुरु गरेका छन् । उनी यसअघि लामो समयदेखि कार्यरत वयोधा अस्पताल छाडेर नर्भिक अस्पतालमा सेवा सुरु गरेका हुन् ।

उनलाई नर्भिक अस्पतालले अर्थोपेडिक तथा स्पाइन सर्जरी डिपार्टमेन्टको प्रमुखमा नियुक्त गरेको छ । योसँगै वरिष्ठ अर्थोपेडिक सर्जन डा. यादवको विशेषज्ञ सेवा अब नर्भिक अस्पतालमा समेत उपलब्ध हुनेछ । डा. यादव देशकै चर्चित अर्थोपेडिक सर्जनमध्येका एक हुन् । खेल चिकित्सा, ट्रमा, जोइन्ट रिप्लेसमेन्ट, बालरोग, मेरुदण्ड, काँध, कुहिनो, खुट्टा, हात, घुँडा लगायतमा हुने समस्या तथा तिनको सर्जरीबाट गरिने उपचार विधिमा उनको विशेष दक्षता रहेको छ । -इकागज

हार्दिक श्रद्धाञ्जली



मेरो पुज्यनीय पिता **कासिराम खराल**को असामयिक स्वर्गारोहण भएकोले पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्ति एवम् सद्गतिको कामना गर्दै शोकसन्तप्त परिवारमा हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं ।

सुरज खराल: सदस्य
निर्माण व्यवसायी संघ मकवानपुर

HETAUDA CITY HOSPITAL PVT.LTD.
*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

VACANCY ANNOUNCEMENT

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | 14000-18000 | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

साझाकुरा
वेवसाईट
www.
sajhakuranews.com

साझाकुरा
खोजी खोजी
पढौं ।
दैनिक रुपमा
समाचार पढौं ।

## इन्द्रसरोवरको निर्वाचित जनप्रतिनिधिलाई प्रमाणपत्र वितरण



साझाकुरा संवाददाता

हेटौंडा, ३ जेठ/मकवानपुरको इन्द्रसरोवर गाउँपालिकामा नवनिर्वाचित गाउँपालिकाको नवनिर्वाचित जनप्रतिनिधिलाई प्रमाणपत्र वितरण गरिएको छ ।

इन्द्रसरोवरको निर्वाचन अधिकृतले अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष र वडा सदस्यहरुलाई प्रमाणपत्र वितरण गरेका हुन् । सोमबार अन्तिम नतीजा सार्वजनिक गरेको निर्वाचन अधिकृतको कार्यालयले मंगलबार बिहान विजयी प्रमाणपत्र वितरण गरेको जनाएको छ ।

निर्वाचन अधिकृत मुरारी वस्तीले नवनिर्वाचित गाउँपालिका अध्यक्ष देवकृष्ण (डीके) पुडासैनी, उपाध्यक्ष उमा लामासहित वडा अध्यक्ष र वडा सदस्यहरुलाई प्रमाणपत्र वितरण गरेका हुन् । स्थानीय सरकारको व्यवस्थापिका गठन भएको र अब कार्यपालिका गठन गरेर निर्वाचन अधिकृतको कार्यालयले आफ्नो जिम्मेवारी पूरा गर्ने निर्वाचन अधिकृत वस्तीले जानकारी दिए ।

उनको अनुसार कार्यपालिकामा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष र वडा अध्यक्षहरु स्वत: सदस्य हुने व्यवस्था छ । निर्वाचित वडा सदस्यहरु मध्येबाट ४ जना महिला कार्यपालिका सदस्यमा चयन हुनेछन् ।

यस्तै अल्पसंख्यक र दलित समुदायबाट दुईजना मनोनित गरेपछि कार्यपालिकाको संरचना पूर्ण हुनेछ । ५ वटा वडा रहेको इन्द्रसरोवर गाउँपालिकामा अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष र सदस्य गरी २७ जना निर्वाचित भएका छन् । इन्द्रसरोवर गाउँपालिकामा १२ हजार ७ सय ९१ मतदाता मध्ये ८ हजार ५ सय ५८ जनाले मतदान गरेका थिए ।

चट्याङबाट बचौं र बचाऔं।

चट्याङबाट बच्न,

घरबाहिर हुनुहुन्छ भने,
- अग्लो र एक्लो रुखमुनि नबस्ने,
- पौडिने, माछा मार्ने तथा ऱ्याफ्टिङजस्ता क्रियाकलाप नगर्ने,
- खुल्ला मैदानमा नबस्ने,
- धातुबाट बनेका तारबार नजिक नबस्ने,

घरभित्र हुनुहुन्छ भने,
- विद्युतीय सामग्रीहरू जस्तै टीभी, कम्प्युटर, फ्रिज, वासिङ मेसिन नजिक नबस्ने र प्रयोग नगर्ने,
- तारसहितको टेलिफोन (ल्याण्डलाईन) प्रयोग नगर्ने,
- घरबाट बाहिर ननिस्किने,
- धारामा नुहाउने, लुगा धुने र भाँडा माझ्ने काम नगर्ने।

नेपाल सरकार
विज्ञापन बोर्ड

पार्टी गर्दै हुनुहुन्छ ?

शुभ-विवाह, ब्रतबन्ध, हरेक प्रकारका पार्टी, सभा, सेमिनार तथा गोष्ठीका लागि हामीलाई सदैव सम्झनुहोस् ।

जय गणेश पार्टी प्यालेस प्रा.लि.
हेटौंडा उपमहानगरपालिका-५, अब्बलडाँडा
सानोपोखरा, मकवानपुर
९८५५०२७५१२ (अनिष वाग्ले)

## जैविक मलका फाइदाहरु

रासायनिक मल तथा रासायनिक विषादिले बालीनालीको विकास केही हद्सम्म गरेको भएता पनि केही समयको लगातार प्रयोगपछि त्यसले माटोमा भएको प्रभावकारी जीवाणुहरुलाई प्रदुशित बनाई इन्जाईम प्रकृयालाई अबरुद्ध गरेको छ, जसको कारणले माटोमा भएका सबै प्रकारका प्रभावकारी जीवाणु ब्याक्टेरियाको विनास भई माटो अम्लीय हुने, माटोमा पानी अड्ने क्षमतामा ह्रास आई चिस्यान कम हुने, बिरुवाको जरा माटोमा प्रभावकारी तरिकाले फैलन नपाउने, बिरुवाले आवश्यक खाद्यतत्व पूरा गर्न नसकी बिरुवा कमजोर हुने, बढ्दो जलवायु परिवर्तन र सो ले पारेको पर्यावरणीय असरमा कमी नआउने, वातावरण प्रदषित क्रम बढ्दो मात्रामा रहने, विभिन्न प्रकारका रोगहरु लाग्ने तथा किरा नियन्त्रणको लागि रासायनिक विषादि प्रयोग गर्दै जाँदा ती शत्रु जीवाणुहरुमा विष पचाउने क्षमतामा बृद्धि भई प्रत्येकपटक विषादिको मात्रा बढाउँदै लैजानुपर्ने अवस्था, जसको कारण आज मानिस प्रत्येक खाद्य सामग्री कृषि उपज विषादियुक्त खान बाध्य छ । फलस्वरुप मानवमा विभिन्न प्रकारका रोगहरुको महामारी फैलिएको छ ।

*त्यसैले जैविक मल नै प्रयोग गरौं ।*
*स्वस्थ कृषि उपज उत्पादनमा जोड दिऔं*

पाइने स्थान:
**सामुदायिक कृषि सहकारी संस्था लि.**
हेटौंडा-८, कमाने
९८५५०६९०८६ राजेन्द्र ढकाल

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना